**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ अगस्त २०२६**
**समयः १८:५० - १९:०० बजे** *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत खेलो इन्डिया संवादलाई सम्बोधन गर्नु भयो।
- मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज न्युटाउनमा सूचना प्रविधि कम्पनी एल एन्ड टी-को नयाँ विशाल कार्यालय परिसर "आनन्द निकेतन" को उद्घाटन गर्नु भयो।
- नेपालमा हिजो आएको बाढीबाट मृत्यु हुनेको संख्या २७० पुगेको छ र हजारौं अझै बेपत्ता छन्।
- पश्चिम बंगालमा भोली रक्षा बन्धन पर्व भव्य रूपमा मनाइनेछ।
- मौसम विभागले भोलीसम्म पश्चिम बंगालको तराई क्षेत्र अनि सिक्किममा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**प्रधानमन्त्री - खेलो इन्डिया संवाद**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत खेलो इन्डिया संवादलाई सम्बोधन गर्नु भयो। यसक्रममा दार्जीलिङको बिध्यासागर कलेज अफ एडुकेसन, कालेबुङको एस.यु.एम.आई, गोरुबथान कलेज र उत्तर बङ्गाल विश्वबिद्यालयका अधिक संख्यामा बिधार्थीहरुले भाग लिएका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीले २१ औं शताब्दीको भारतका लागि आधुनिक खेल व्यवस्था तयार गर्न सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको बताउनु भएको छ। उहाले भन्नुभयो -खेल विश्वविद्यालयहरु देखि आधुनिक प्रशिक्षण केन्द्रहरूसम्म, देशभरि यस्तो खेल तन्त्र विकास भइरहेको छ, जसमा खेलाडीहरूको प्रतिभालाई हरेक स्तरमा समर्थन गरिनु पर्छ। श्री मोदीले भन्नुभयो, खेल केवल पदक जित्ने मात्र होइन, तर यो विकसित भारत निर्माणमा देशको खेल प्रतिभा र युवा शक्तिलाई जोड्ने अभियान हो।

**मुख्यमन्त्री- आनन्द निकेतन**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज न्युटाउनमा सूचना प्रविधि कम्पनी एल एन्ड टी-को नयाँ विशाल कार्यालय परिसर "आनन्द निकेतन" को उद्घाटन गर्नु भयो। लगभग ७.४८ लाख वर्ग फिट क्षेत्रफलमा फैलिएको यस कार्यालयले राज्यमा नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्ने अपेक्षा गरिएको छ। उद्घाटन पछि, मुख्यमन्त्रीले भन्नु भयो, न्यूटाउन परिसरले कुल ५ हजार ८ सय मानिसहरूलाई रोजगारी दिनेछ। उहाँले राम्रो अवसरको खोजीमा बेङ्लोरू, हैदराबाद अनि विदेश पलायन भएको पश्चिम बंगालका दक्ष र प्रतिभाशाली व्यक्तिहरूलाई राज्यमा फर्किने आह्वान गर्नु भयो। मुख्यमन्त्रीले भन्नु भयो, "कृपया फर्कनुहोस्। यहाँ डबल इन्जिन सरकार स्थापना भएको छ।"श्री अधिकारीले डबल इन्जिन सरकार राज्यको विकासको लागि प्रतिबद्ध रहेको बताउनु भयो।

**नेपाल - बाढी**

नेपालमा हिजो आएको बाढीबाट मृत्यु हुनेको संख्या २७० पुगेको छ र हजारौं अझै बेपत्ता छन्। अधिकारीहरूले २८८ भारतीय पर्यटकसहित बेपत्ताहरूको खोजी गर्ने प्रयास अझ तीव्र परेको छ। नेपाल पुलिस अनुसार आज थप ९३ जनाको शव फेला परेको छ। अहिलेसम्म चितवनमा १०८, नवलपरासी पूर्वमा ६२, धादिङमा २७, गोरखामा २०, रसुवामा १७, नवलपरासी पश्चिममा

१५, नुवाकोटमा १२ र तनहुँमा नौ जनाको शव फेला परेको छ। तिब्बती र नेपाली अधिकारीहरूका अनुसार १,३०० भन्दा बढी व्यक्ति अझै पनि बेपत्ता छन्। यसमा ३० भन्दा बढी देशहरुका नागरिकहरू समावेश छन्। बेपत्ता हुनेहरूमा भारतीय नागरिकहरू सबैभन्दा धेरै छन्। अमेरिका, मलेसिया, युक्रेन, अष्ट्रेलिया, ब्रिटेन, क्यानडा, दक्षिण कोरिया, सिंगापुर, जर्मनी र रुसका नागरिकहरू पनि समावेश छन्। नेपाल पुलिसका प्रवक्ताले प्रभावित क्षेत्रहरूबाट अहिलेसम्म घाइतेहरू सहित ८०० भन्दा बढी व्यक्तिको उद्धार गरिएको बताउनु भयो। भोटेकोशी नदीको सहायक नदी ल्हांडे नदीको बहावमा हिमपहिरोले अवरोध पुर्‍याएपछि बाढी आएको थियो। बाढीले सबैभन्दा पहिला चीनको सीमा नजिकै रहेको रसुवागढी नजिकैको टिमुरे क्षेत्र ध्वंश परेको थियो

**नेपाल बाढ़ी- बंगाल**

नेपालमा  हिज आएको बाढीमा पश्चिम बंगालका लगभग  36 जना मानिसहरू बेपत्ता भएको जानकारी प्राप्त भएको छ। यीमध्ये ३२ जना कोलकाताका मात्र छन्। कोलकाताका ३२ जनाको समूह कैलाश-मानसरोवर यात्रामा निस्केका थिए। यसमा ३० जना तीर्थयात्री र दुई जना यात्रा प्रबन्धक रहेको राज्य सरकारका एक अधिकारीले बिहीबार बताउनु भएको छ। यसका साथै हुगली जिल्लाको चन्दन नगर र तारकेश्वरका चार जना र बर्दवान र बारासतका चार जना बेपत्ता भएको खबर आएको छ।
अधिकारीका अनुसार, समूह अगस्ट २१ मा कोलकाताबाट निस्किएको थियो र भोलिपल्ट नेपाल पुगेको थियो। हिज बिहान, समूह तिब्बत जान रसुवागढी पुगेको थियो। बिहान ८ बजेर ३० बजेतिर, नेपाल-तिब्बत सीमा नजिकै अचानक बाढी आउँदा सबै जना अध्यागमन कार्यालयमा थिए। अधिकारीले बाढीपछि टोलीका कुनै पनि सदस्यले सम्पर्क गरेको छैन भनी बताउनु भएको छ। उहाँले बाढी प्रभावित क्षेत्रहरूमा हुन सक्ने पश्चिम बंगालका सबैलाई सम्पर्क गर्ने प्रयास भइरहेको पनि बताउनु भएको छ। प्रभावित क्षेत्रहरूमा सञ्चार अत्यन्तै अवरुद्ध भएको छ, जसले गर्दा मानिसहरूलाई भेट्टाउन गाह्रो भएको छ। यसैबीच  विनाशकारी बाढी र प्राकृतिक प्रकोपपछि कैलाश मानसरोवर यात्रामा निस्केका सिलगढ़ीका एक युवक बेपत्ता भएपछि उनको परिवारमा चिन्ता बढेको छ। बेपत्ता व्यक्ति सिलगढ़ीको शान्तिनगर बाउ बजार क्षेत्रका निवासी समर मण्डलको रूपमा पहिचान गरिएको छ। रिपोर्टका अनुसार, समर १६ अगस्टमा सिलगढ़ीबाट कैलाश मानसरोवरको लागि निस्केका थिए। उनले राजस्थानस्थित ट्राभल एजेन्सी मार्फत यात्रा बुक गरेका थिए। सिलगढ़ीबाट नेपाल पुगेपछि, उनी तिब्बत गएका थिए, जहाँ उनको स्वास्थ्य बिग्रिएपछि उनी फर्किरहेका थिए।परिवारका अनुसार, समरले अन्तिम पटक बुधबार बिहान ५ बजेतिर आफ्नी श्रीमतीसँग फोनमा कुरा गरेका थिए। उनले आफू नेपाल-तिब्बत सीमामा रहेको अध्यागमन कार्यालयमा रहेको र आवश्यक प्रक्रिया पूरा गरेपछि नेपाल प्रवेश गर्ने बताएका थिए। उनको परिवारले यसबारे नेपाल प्रशासन अनि पश्चिम बंगाल सरकारलाई जानकारी गराएको बताइएको छ।

**बंगाल -राखी**

पश्चिम बंगालमा भोली रक्षा बन्धन पर्व भव्य रूपमा मनाइनेछ। राज्य सरकारले राज्यभर कार्यक्रम आयोजना गर्न 8 करोड़ 97 लाख 17  हजार बजेट विनियोजन गरेको छ। यस अवधिमा, राज्यभर  25 लाख 60 हजार 5 सय राखी वितरण गरिनेछ। राखी खरिदमा मात्र 2 करोड़ 85 लाख 67 हजार रुपये खर्च गरिनेछ ।शुक्रबार बिहान १० बजे कोलकाताको नजरुल मंचमा राज्यस्तरीय राखी बन्धन कार्यक्रम आयोजना गरिनेछ। कोलकाता महानगरपालिकाद्वारा आयोजित यस कार्यक्रममा लगभग २ हजार ५०० विद्यार्थीहरूले भाग लिनेछन्। मुख्यमन्त्री शुभेन्दु अधिकारी पनि कार्यक्रममा उपस्थित हुनु हुनेथ। उहाँले जादवपुरमा अर्को राखी बन्धन कार्यक्रममा पनि भाग लिने अपेक्षा गरिएको छ।सरकारले जारी गरेको बजेट अनुसार, राज्यका ३ हजार ३ सय ४२ ग्राम पञ्चायतहरूका लागि सबैभन्दा धेरै 3 करोड़ 34 लाख 20 हजार रकम विनियोजन गरिएको छ। राज्यका २२ जिल्ला मुख्यालयहरूलाई कुल २२ लाख रूपियाँ विनियोजन गरिनेछ। साथै, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन र कोलकाता नगर निगमका कार्यक्रमहरूका लागि प्रत्येकलाई एक- एक लाख रुपियाँ विनियोजन गरिएको छ।

**भाषा संग्रामी- खरसाङ महाविद्यालय**

भाषा संग्रामी उत्तम कुमार छेत्रीको सम्मानमा खरसाङ महाविद्यालयमा आज नेपाली भाषा आन्दोलन : संवार्ता कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रम खरसाङ महाविद्यालयको नेपाली विभाग, सांस्कृतिक उप समिति र तर्क एंव संगोष्ठी उप समितिको आयोजनामा सम्पन्न भएको हो। कार्यक्रमको अध्यक्षता खरसाङ महाविद्यालयका प्राचार्य डा समीर बलले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा भाषा संग्रामी उत्तमकुमार छेत्री उपस्थित हुनु हुन्थ्यो। कार्यक्रममा पत्रकार तथा साहित्यकार हनोक थापा

विशिष्ठ अथितिको रूपमा उपस्थित हुनुहुन्थ्यो। अतिथिहरुका बाहुलीबाट धुप दीप प्रज्वलन गरी थालिएको कार्यक्रमलाई सह प्राध्यापक डा सपन प्रधानले सञ्चालन गर्नु भएको थियो भने स्वागत सम्भाषण प्राध्यापक गङ्गाप्रसाद भट्टराईले राख्नु भएको थियो। कार्यक्रममा भाषा संग्रामी उत्तमकुमार छेत्रलाई खरसाङ महाविद्यालयको तर्फबाट सम्मान जनाइएको छ। उहाँलाई महाविद्यालयका प्राचार्य डा समीर बलको बाहुलीबाट खदार्पणसहित शिर शोभा र सम्वर्द्धना पत्र प्रदान गरेर सम्मान जनाइयो। कार्यक्रममा भाषा संग्रामी उत्तमकुमार छेत्रीले प्रमुख अतिथिको रुपमा साथै प्रमुख वक्ताको रुपमा नेपाली भाषा मान्यताको आन्दोलन र अनुभवहरु साझा गर्नु भयो। उहाँले त्यसताक आफुले गरेका संघर्षका कार्यहरूबारे आफ्नो कुरा साझा गर्नु भयो। कार्यक्रममा विशिष्ट अतिथिको रुपमा साथै वार्ताकारको रुपमा साहित्यकार एवं पत्रकार हनोक थापाले नेपाली भाषा मान्यताको आन्दोलन र भाषा संग्रामीहरु विषयमा वार्ता प्रस्तुत गर्नु भयो।

**दार्जीलिङ मिट एण्ड फिस एसोसिएसन**

दार्जीलिङ मिट एण्ड फिस एसोसिएसनसँग सम्बन्धित विभिन्न समस्याहरूको समाधानको माग गर्दै गोर्खा राष्ट्रिय मुक्ति मोर्चा ,दार्जीलिङ टाउन कमिटी, दार्जीलिङ ब्राञ्च कमिटी तथा गोरायुमो दार्जीलिङ ब्राञ्च कमिटीको संयुक्त प्रतिनिधिमण्डलले आज दार्जीलिङ महकुमा अधिकारीसँग भेटघाट गरी ज्ञापनपत्र बुझाएको छ। प्रतिनिधिमण्डलले मिट एण्ड फिस एसोसिएसनसँग सम्बन्धित व्यवसायी तथा सरोकारवालाहरूले भोगिरहेका विभिन्न समस्या, कठिनाइ तथा आवश्यक विषयहरूबारे महकुमा अधिकारीसमक्ष जानकारी गराउँदै ती समस्याहरूको उचित समाधानका लागि पहल गरिदिन आग्रह गरेको बताइएको छ।

**मरमा- उमावी**

मरमा प्रेमसुन्दर उच्चतर माध्यमिक विद्यालका भूतपूर्व विद्यार्थी संगठनले आगामी 13 सेप्टेम्बरको दिन विद्यालयको स्वर्ण जयन्ती कार्यक्रम भव्यताको साथमा पालन गर्ने जानकारी संगठनका सचिव मोजेस राईले दिनु भएको छ। उहाँले विद्यालय स्थपना भएको पचाँस वर्ष पुगेको अवरसमा यस विद्यालयमा अध्यान गरेका भूतपूर्व विद्यार्थीहरूको आयोजनामा हुने यस कार्यक्रममा विद्यालयका संस्थापक पर्यवरणविद् एल. बी. देवान प्रमुख रूपमा उपस्थित हुने बताउनु भएको छ। कार्यक्रममा विद्यालय स्थपनाकालदेखि नै शिक्षा दान गर्नु हुने शिक्षक- शिक्षिका तथा अशिक्षण कर्मचारीहरू साथै वर्तमानमा कार्यरत शिक्षक – शिक्षिका अनि अशिक्षण कर्मचारीहरूलाई सम्मान जनाइने बताउनु भयो। यसरी नै यस विद्याआर्जन गरेर विभिन्न क्षेत्रमा उच्च अधिकारीको रूपमा कार्यरत भूतपूर्व विद्यार्थीहरूलाई पनि प्रेमसुन्दर विद्या रत्न पुरस्कारले पुरस्कृत गरिने उहाँले बताउनु भएको छ। कार्यक्रममा विविध कलाकारहरूले रङ्गारङ प्रस्तुतीहरू पनि दिनेछन्।

**मौसम**

मौसम विभागले भोलीसम्म पश्चिम बंगालको तराई क्षेत्र अनि सिक्किममा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। यसरी नै बिहार, छत्तिसगढ़, झारखण्ड अनि पूर्वोत्तर राज्यहरूमा भारी वर्षाको अनुमान गरेको छ।

**********